# नया जनवादका निम्ति नेपालका जनताको बाटो

(सेप्टेम्बर २७ – अक्टोबर २, १९५१ सम्म कलकत्तामा आयोजित पार्टीको प्रथम सम्मेलनमा कमरेड मनमोहन अधिकारीद्वारा प्रस्तुत तथा पारित कार्यक्रम ।)

**१. गत सशस्त्र क्रान्ति र कम्युनिस्ट पार्टी**

द्वितीय विश्वयुद्धमा 'फासिज्म ' को हार र सोभियत युनियनको नेतृत्वमा जनवादी 'क्याम्प ' को विजयले गर्दा विश्वमा साम्राज्यवादविरोधी र जनवादी 'क्याम्प '  बलियो भयो र जनवादविरोधी र साम्राज्यवादी 'क्याम्प ' कमजोर भयो । ठाउठाउमा जनशक्ति उठी आफ्ना शत्रुहरूलाई हमला गर्न थाल्यो । सारा संसारमा क्रान्तिको भेल उठ्यो ।

नेपालमा पनि जातीय मुक्ति आन्दोलनले जोर पक्ड्यो । १९७४ को मार्च महिनामा विराटनगरको जातीय मुक्ति आन्दोलनको नया अध्याय सुरु भएको सूचना दियो । तुरुन्तै नेपालका विभिन्न क्रान्तिकारी वर्गहरू सङ्घर्षको क्षेत्रमा उत्रे । जातीय मुक्तिका आन्दोलनले आफ्नो पहिलेका सङ्कुचित इलाकीय रूपलाई छाडी देशव्यापी रूपमा धारण गऱ्यो । तर, त्यो आन्दोलनको नेतृत्व पुजीपति वर्गका प्रतिनिधि सुवर्ण राणा र कोइरालामण्डलीको हातमा थियो । यस मण्डलीको गद्दारीले गर्दा सो आन्दोलनले सफल क्रान्तिको रूप धारण गर्न सकेन ।

त्यस गद्दारीले गर्दा हाम्रो जनआन्दोलनलाई ठूलो धक्का लागे तापनि त्यसले विस्तारैविस्तारै शक्ति बटुल्दै अगाडि बढिरहेको थियो । चीनमा जनताको विजय र तिब्बतमा मुक्ति सेनाको प्रवेशले फेरि एकचोटि नेपालमा क्रान्तिकारी लहर फैलायो । राणाशाही सामन्तवाद र साम्राज्यवादको विरुद्ध जनता एकचोटि फेरि मोर्चा दिनका निम्ति अगाडि बढे ।

क्रान्तिकारी शक्तिलाई बलियोसग सङ्गठित गरी एक मोर्चामा खडा नगराउञ्जेल जनताले सङ्गठित प्रतिक्रियावादीसग मोर्चा लिन सक्दैनन् भन्ने कुरा पार्टीलाई थाहा थियो । त्यसकारण आफ्नो जन्मकालदेखि नै हाम्रो पार्टीले क्रान्तिकारी राणाशाही सामन्तवाद र साम्राज्यवादको विरुद्ध जनता एकचोटि फेरि मोर्चा दिनका निम्ति अगाडि बढे ।

तर, नेपाली काङ्ग्रेसका सुवर्ण राणा-कोइरालामण्डली जनशक्तिदेखि डराउदथे । सामन्तवाद र साम्राज्यवादलाई खत्तम गर्नु त्यसको लक्ष्य थिएन । राणाशाहीलाई दबाब दिन त्यो एकातिर त जनआन्दोलनको प्रयोग गर्दथ्यो, अर्कोतिर अङ्ग्रेज-अमेरिकी साम्राज्यवाद र भारतीय ठूला पुजीपतिहरूको सहायता पाउनका निम्ति उनीहरूसग विभिन्न किसिमको कबुल पनि गर्दथ्यो । जनतालाई अलग गरी आतङ्कवादी तरिकाले राज्य शक्ति हत्याउनेसम्म

कोसिस त्यसले ग¥यो । यो प्रयत्न असफल भयो । राणाशाहीलाई झुक्याउन केवल जनबलले नै सकिन्छ भन्ने कुरा थाहा पायो । यसकारण जनआन्दोलनको सहारा लिनका निम्ति त्यसलाई बाध्य हुनुप¥यो । वीरगञ्जमा भएको फौजी हमला यसको झलक थियो । यो हाम्रो जातीय मुक्ति आन्दोलनको एक हिस्सा थियो ।

त्यसको यो कुचाल पार्टीले राम्ररी बुझेको थियो । सुवर्ण राणा–कोइरालामण्डलीले हामीलाई सशस्त्र सङ्घर्षबाट अलग गराउनका निमित्त भरसक कोसिस ग¥यो । यसमा नेहरू सरकारको पनि पूरापूर सहयोग थियो । तर, उनीहरूको सारा कोसिसलाई व्यर्थ गरीकन हामीहरूले सक्रिय रूपले भाग लियौं । पार्टीले सशस्त्र सङ्घर्षको आधारलाई बढाएर क्रान्तिलाई सफल गर्ने कोसिस ग¥यो । यदि क्रान्तिकारी शक्तिहरूले सङ्गठित मोर्चा कायम गर्न नसकेको खण्डमा क्रान्तिमा फेरि गद्दारी हुनेछ भन्ने कुरा पार्टीलाई थाहा थियो । यसकारण पार्टीले फेरि एकचोटि संयुक्त जातीय जनवादी मोर्चा बनाउनका निम्ति अपिल ग¥यो ।

सशस्त्र सङ्घर्षलाई सङ्कुचित गर्ने सुवर्ण राणा–कोइरालामण्डलीको धेरै प्रयास हुदाहुदैपनि सो सङ्घर्ष सीमित रहन सकेन । देशका गैरक्रान्तिकारी शक्तिहरू रणक्षेत्रमा उत्रे । ठाउठाउमा जनविद्रोह हुन थाले । किसानहरूले जमिन दखल गरी सामन्त शाहीलाई खत्तम गर्न थाले । क्रान्तिको लहरले सबै वर्गहरूलाई लपेट्यो ।

### २. क्रान्तिमा गद्दारी र म्यादी सरकारको स्थापना

जनताको यस बढ्दो ताकतदेखि विश्वका सारा प्रतिक्रियावादी शक्तिहरू डराए । अङ्गे्रज–अमेरिकी साम्राज्यवादी, हिन्दुस्तानका ठूला पुजीपतिहरू त्रिभुवन–कोइरालामण्डली र मोहनमण्डलीको आसपासमा अब के गर्ने भन्ने छलफल भयो । फलस्वरूप मोहन घोषणा, त्रिभुवन घोषणा र दिल्ली सम्झौता जनतामाथि लादिए । हरेक मोर्चा जित्दै अगाडि बढिरहेको क्रान्तिप्रति गद्दारी गरी प्रतिक्रियावादीहरूले नेपालमा त्रिभुवन–राणा–कोइरालाको सम्झौताले म्यादी सरकार खडा गराए । जनताको आखामा छारो हाल्न विधानसभा, चुनाव, प्रजातन्त्र र दुईवर्षपछि सबै कुराहरू ठीक हुन्छन् भन्ने भ्रम फैलाए ।

### ३. बढ्दो जनसङ्घर्ष र म्यादी सरकार

तर, मुक्तिको बाटोमा लम्किसकेका जनतालाई कसैले पनि रोक्न सक्दैन । मुलुकको कुनाकुनाबाट यसको विरोधमा आवाज घन्कियो । त्रिभुवन–राणा–कोइराला र तिनका मालिक साम्राज्यवादी र हिन्दुस्तानका पुजीपतिहरूलाई लत्याई जनता अगाडि बढे । सम्झौते म्यादी सरकारविरोधी प्रदर्शन र जुलस चारैतिर हुन थाले । जनताका तमाम वर्ग आफ्ना आर्थिक मागहरूका साथसाथै राजनीतिक मागहरू पनि उठाउन थाले । जनताको बढ्दो आन्दोलनलाई म्यादी सरकारले दबाउन नसकेको देखी अन्तरजातीय नियमलाई उल्लङ्घन गरी नेहरूको फौज नेपालमा घुसी भैरहवा किसान हत्याकाण्ड, नेपालगञ्ज किसान हत्याकाण्ड र विराटनगर मजदुर हत्याकाण्ड रच्न म्यादी सरकारलाई मद्दत ग¥यो । वीरगञ्ज मजदुर किसान हत्याकाण्डमा चाहि फौज ल्याउने धम्की दियो । लाठी–गोलीले मात्रै जनविरोध

रोक्न नसक्दा त्रिभुवन-राणा-कोइराला सरकारले प्रेस कानुन र सुरक्षा कानुन जारी गर्‍यो । फेरि खुकुरी दल (वीर गोर्खा दल)जस्तो प्रतिक्रियावादी संस्थाका मुख्य नेताहरूलाई खुला छुट दिई बढ्दो जनआन्दोलनमा फुट पैदा गर्नका निम्ति साम्प्रदायिक भावना फैलाइरहेको छ । यो पनि देशी र विदेशी प्रतिक्रियावादीहरूको रायबमोजिम नै भएको छ ।

## ४. गैह्र जननता र म्यादी सरकार

मुलुकको आर्थिक अवस्था पनि उत्तिकै खराब छ । मजदुर किसानको अवस्था दिनहु खराब हुदोछ। रोटी माग्दा यो सरकार मजदुरलाई गोली दिन्छ, जेल हाल्दछ । र, तिनका लडाकु सङ्गठनको उपर हमला गर्दछ । सरकार मन्त्रीहरूको तलब र भत्तामा पानीसरह पैसा बगाउदछ र राणाका दलालहरूका खुवा, खान्गी, भत्ता आदि साविकैबमोजिम कायम गरेको छ । तर, आफ्ना न्यून बैतनिक कर्मचारी र जागिरदारहरूले बाच्नयोग्य तलब देऊ भन्दा जेल हाल्ने र सबैलाई खोस्ने धम्की दिन्छ ।

किसानहरूलाई सामन्तहरूको जग्गा खोसी बाड्नुपर्नेमा उनीहरूले नै आफ्नो बाहुदलको जोरले क्रान्तिको बखतमा कब्जा गरेका जग्गा अन्न आदि फौजको जोरले खोसी सामन्तलाई सुम्पन्छ र उनीहरूमाथि गोली चलाउदछ । हाम्रो मुलुकमा सयकडा ९५ भन्दा बढी जनता किसान नै छन् । उनीहरूको शोषण चली नै रहेको छ । उनीहरूले आफ्नो जग्गामा आफ्नै पसिना बगाई आफ्नै हलो कोदालो चलाई पैदा गरेको अन्न ठूला जमिनदार, ठूला सुदखोरदार तथा सामन्तहरूलाई बुझाउनुपर्दछ । सुद्खोरी, घुसखोरी तथा सोझै डकैतीद्वारा उनीहरू ठगिदै छन्, तीन चौथाइ किसानहरूको आफ्नो खेत छैन, उनीहरू त सधै भोक र गरिबीको सिकार छन् । केही गरी जमिनदार तथा साहुकारको जग्गामा खेताला वा हरूवाहरूको रूपमा काम गर्न पाए पनि उनीहरूको अवस्था कमारोभन्दा असल छैन । एकदुई बाली सप्रमा अवस्था असल हुने किसानको पनि हालत ठिक छैन । फेरि हिन्द-नेपाल सन्धिले नेपालका धनी किसानहरूका अवस्थालाई सोझै धक्का पुर्‍याई उनीहरूलाई आफ्नो स्थितिबाट तल बराल्ने डर पैदा गरिसकेको छ र साथै धनी किसानहरू पनि अरू किसानसरह सरकारी लुट, घुसखोरी र अरू सामन्ती र साम्राज्यवादी शोषणको सिकार रहेका छन् । यसले गर्दा पैदावार काम भइरहेको छ । अकाल चारैतिर फैलिरहेको छ । मानिस भोकभोकै मर्ने अवस्थामा पुग्दैछन् ।

जातीय उद्योगको विकास गराउनुपर्नेमा यो सरकार हाम्रो उद्योग व्यवसाय साम्राज्यवादीहरूको हातमा सुम्पिरहेको छ । मुलुकका खानीहरू ‘ट्रम्यान ’ का चार बुदा (प्वाइन्ट फोर) प्रोग्रामअनुसार अमेरिकीहरूको हातमा जाने भए बाकी कलकारखाना, उद्योग खानी आदि हिन्दुस्तानी पुजीपतिहरूको हातमा जादैछ । दाङको कोइलाखानी भारतीय पुजीपतिहरूद्वारा खोसिदैछ । विराटनगरको कलकारखानामा उनीहरूकै हात माथि छ । फेरि नेपालको सयकडा ७५ भन्दा बढी निकासी पैठारी व्यापार पनि उनीहरूकै हातमा छ । यसले गर्दा हाम्रो जातीय व्यापारी वर्ग विदेशी पुजीपतिहरूको दाजोमा टिक्न नसकी तलतिर दिनहु खस्कदै छन् ।

सहरका मध्यम वर्गीय जनताको पनि यस सरकारबाट कुनै भलो भएको छैन । सबै चीज-वस्तुहरूको दरभाउ बढेको छ । तर, मध्यम वर्गको आम्दानी तलब वा ज्यालाका रूपमा केही बढे तापनि मुद्राप्रसारले गर्दा पहिलेको भन्दा हाल झन् कम भएको छ । सरकारी नोकरीमा लागेका हाम्रो मध्यम वर्गलाई तलब बढाउनभन्दा सरकार पैसा छैन भन्ने ठाडो जवाफ दिन्छ । तर, आफ्नो देशमा योग्य कर्मचारीहरू छदाछदै पनि सरकारी पदहरूमा बढ्ता तलब दिई विदेशीहरूलाई भर्ना गर्दछ । खुद्राव्यापारीहरू देशको सामन्तवादी व्यवस्था र विदेशी होडले गर्दा दिनहु बिग्रदै गइरहेका छन् ।

भएका स्कुल कलेजहरूलाई मद्दत गरी मुलुकभर स्कुल कलेजहरू खोली देशका जनताको निरक्षता हटाई सांस्कृतिक स्तर उठाउनको सट्टा फौजी स्कुलहरू खोलिरहेका छन् । देशविदेशमा उच्च शिक्षाका निम्ति विद्यार्थीहरूलाई पठाउनुको सट्टा फौजी र गुप्तचर टे«निङको निम्ति विदेश पठाउदछ । महिला कलेज खोलभन्दा यो सरकार पैसा छैन भन्दछ । तर, महिला पुलिस खडा गर्दछ । उच्चशिक्षाका निम्ति विश्वविद्यालय खोल्न त परै जाओस् भएको एउटा कलेजलाई पनि सरकार फुटेको आखाले हेर्न सक्दैन । यसका 'प्रोफेसर ' हरूलाई सरकारी नोकरीमा जबर्जस्ती भर्ना गर्दछ । विरोधमा विद्यार्थीहरू उठ्दा सरकार उनीहरूलाई हमला गर्दछ । साफसाफ भनौ भने शिक्षा, संस्कृति तथा जनताको बौद्धिक उन्नतिको सरकार कुनै वास्ता गर्दैन । बरु यसको निम्ति सङ्घर्ष गर्ने लडाकुहरूउपर हमला गर्दछ ।

**५. म्यादी सरकार र भविष्य**

यस सरकारको मातहतमा हाम्रो भविष्य पनि सुरक्षित छैन । जुन सरकारले मुलुकको उन्नति र विकासका निम्ति कुनै ठोस योजना तयार गर्न सकेको छैन, जुन सरकारले मजदुर किसानको भलोका निम्ति कुनै ठोस कदम उठाउन सकेको छैन, जुन सरकारले जातीय उद्योग-व्यवसाय विदेशीहरूको हातमा सुम्पिरहेको छ । जुन सरकार साम्राज्यवादीहरूको ताबेदारी गर्दछ, त्यस सरकारले जनताको कदापि भलो गर्न सक्दैन । देशको औद्योगिकीकरणबिना हाम्रो मुलुकको उन्नति हुन सक्दैन । विदेशी पुजीपतिहरूको आधिपत्य र सामन्तवादलाई निर्मूल नगरुञ्जेलसम्म देशको औद्योगीकरण हुन सक्दैन । सामन्त शाही नास हुनुपर्दछ। किसान जग्गाजमिनको मालिक हुनुपर्दछ। तबै मात्र अन्नको पैदावारको साथै उद्योग व्यवसायलाई चाहिने कच्चा मालको पनि पैदावार बढ्दछ । स्वतन्त्र भएको हुनाले किसानहरूको क्रयशक्ति बढेको हुन्छ । उनीहरूको मुलुकका कलकारखानाहरूले मुलुकभित्रै व्यापक स्थायी बजार पाउदछन् । विदेशी पुजीपतिहरूले हाम्रा उद्योग-व्यवसायलाई घेरामा हाली मारिरहेका छन् । जातीय उद्योग-व्यवसाय घेराबाट मुक्त नगरेसम्म उनीहरूको विकास र उन्नति हुदैन। विदेशी पुजीपतिहरू हमेसा यसको विरोध गर्दछन् । विश्वका अर्धसामन्ती र अर्धऔपनिवेशिक देशहरू यस कुराको साक्षी छन् । तसर्थ, जुन सरकार सामन्तहरूलाई खत्तम गरी मुलुकका बहुसङ्ख्यक किसान वर्गलाई मुक्त पार्दैन, जुन सरकार मुलुकको जातीय उद्योग-व्यवसायहरूलाई साम्राज्यवादीहरूको पञ्जाबाट मुक्त गरी स्वतन्त्र जातीय उद्योग व्यवसाय खडा गर्दैन । त्यस सरकारले मुलुकको कदापि औद्योगिक विकास गर्न सक्दैन । त्यसकारण त्रिभुवन-राणा-कोइरालाको सम्झौते म्यादी सरकारको मातहत वर्तमान त अध्यारो छ, भविष्य झन् अध्यारो छ ।

**६. जनता नया सरकार चाहन्छन्**

यस्तो अवस्थामा हाम्रो मुलुकका रगत बगाई लडी राणाशाही र विश्वका प्रतिक्रियावादीहरूको मुटु हल्लाइदिने जनताले यस सरकारलाई विश्वास गर्न छोड्नु स्वाभाविक नै हो । चारैतिर सरकारप्रतिको असन्तोष विस्फोटका रूपमा फुटिरहेको छ । जनता यस सरकारको सट्टा अर्को सरकार चाहन्छ भन्ने कुराको यो स्पष्ट प्रमाण हो ।

वास्तविकताको यस कठोर परिस्थितिको पूरा तबरले विचार गरी जनमुक्ति आन्दोलनमा आफूले पूरा गर्नुपर्ने गम्भीर जिम्मेवारीको पूरा ज्ञान राख्दै नेपालको सर्वहारा वर्गको पार्टी कम्युनिस्ट पार्टी पहिलेझै जनताका समक्ष आफ्नो कार्यक्रम र नीति लिई आउनु जरुरी सम्झन्छ । हाम्रो पार्टीलाई पूरा तबरले थाहा छ कि माक्र्सवाद-लेनिनवाद, स्टालिन र माओत्सेतुङको विचारधाराले लेस भएको पार्टीले मात्र आजका साम्राज्यवादी युगमा क्रान्तिलाई सफलतापूर्वक नेतृत्व गर्न सक्दछ । तर, माक्र्सवाद, लेनिनवाद, स्टालिन र माओका विचार कुनै रद्दी सिद्धान्त होइनन् । देश र परिस्थितिको अध्ययन गरी यी सिद्धान्त र विचार लागू गरिन्छ । यसै हुनाले नेपाल कम्युनिस्ट पार्टी वर्तमान अवस्थामा आफ्नो अन्तिम उद्देश्य समाजवाद-साम्यवादलाई कार्यक्रमका रूपमा जनताको साम्ने राख्दैन । हाम्रो मुलुकको आर्थिक, राजनीतिक तथा सांस्कृतिक पिछौटेपनको अवस्थामा यस्तो कार्यक्रमलाई व्यावहारिक रूप दिनु असम्भव छ । तर, यस्तो अवस्थामै वर्तमान सरकारको ठाउमा साम्राज्यवाद-सामन्तवादविरोधी गैह्र शक्तिहरूको जनवादी सरकारको ठाउमा साम्राज्यवाद-सामन्तवादविरोधी गैह्र शक्तिहरूको जनवादी सरकार खडा गर्न सकिन्छ । यस्तो सरकार जसले सामन्तशाहीको नास गरी मजदुरहरूको हकको रक्षा गर्नेछ, जसले साम्राज्यशाहीलाई खतम गरी मुलुकको स्वतन्त्र उद्योग व्यवसाय खडा गर्नमा जातीय पुजीपति वर्गलाई मद्दत गर्नेछ । जुनले मध्यम वर्ग र अरू जनताका हक र मागको रक्षा गर्नेछ । तब मात्र हाम्रो मुलुक साम्राज्यवादी र सामन्तशाही शोषणको पञ्जाबाट मुक्त हुनेछ र जनमत जाहेर गर्न सरकार खडा हुनेछ । यस सरकारले मात्र आफूलाई साम्राज्यवादी पञ्जाबाट मुक्त पारी मुलुकलाई प्रगति, उन्नति, शान्ति र स्वतन्त्रतातिर द्रुतगतिले बढाउनेछ ।

**७. आउदो विधानसभा र म्यादी सरकार**

तर, त्रिभुवन-राणा-कोइरालाको यस सरकार यतातिर पाइला चाल्न सक्दैन । तसर्थ माथि भनेझै जनवादी सरकार खडा हुनुभन्दा पहिले निम्नलिखित जरुरी शर्तहरूका निम्ति देशव्यापी मोर्चा कस्नोस् भन्ने अपिल नेपाल कम्युनिस्ट पार्टी मुलुकका गैह्र जनतासित गर्दछ ः–

१. वर्तमान म्यादी सरकारबाट मोहन गुटलाई तुरुन्त निकाल ।

२. भरमुलुकका गैह्र जनवादी पार्टी, दल, जन र वर्गीय सङ्गठन र व्यक्तिहरूको एउटा जनताको राजनीतिक छलफल समिति खडा गर ।

३. यस जनताको राजनीतिक छलफल समितिको रायसल्लाहबमोजिम तमाम जनवादी दल जन र वर्गीय सङ्गठन र व्यक्तिहरूको संयुक्त सरकार खडा गर ।

४. यस सरकारले तुरुन्त राणा सामन्तहरूको सबै आर्थिक तथा राजनीतिक अधिकारहरू खोस्ने ।

६. उनीहरूले अहिलेसम्म जनताउपर गरेको अमानुषिक अत्याचारका निम्ति जनताको खुला न्यायालयमा उनीहरूको मुद्दा चलाउने ।

७. तुरुन्त विश्वको जनवादी क्याम्प (सोभियत रुस, चीन)सित राजदूतकोसम्बन्ध खडा गर्ने ।

८. वैधानिक हकहरूको पेवा त्रिभुवनको हातबाट खोसी जनताको राजनीतिक छलफल समितिलाई दिने ।

९. राहदानी तथा सधै राती रहने कफ्र्यू (रातमा तोपको प्रथा) हटाउने ।

१०. सुरक्षा र प्रेस कानुन खत्तम गर्ने । प्रेस स्वतन्त्रता र नागरिक हकको रक्षा गर्ने । गैरराजनीतिक बन्दीहरूलाई मुक्त गर्ने ।

११. नेपालको जनआन्दोलन दबाउनका निम्ति नेहरूको फौज र अङ्ग्रेज अमेरिकी साम्राज्यवादीहरूको हस्तक्षेप खतम गर्ने ।

१२. मोहन गुटका भाइ भारदारहरूलाई सरकारी जागिरबाट बर्खास्त गर्ने ।

१३. जिल्लाजिल्लाको शासन व्यवस्था चलाउनका निम्ति स्थानीय जनताले चुनेको स्थानीय सरकार खडा गर्ने ।

१४. गत क्रान्तिको समयमा किसानहरूले कब्जा गरेको जमिन सरकारले किसानहरूलाई बापस दिलाउने र त्यसमा किसानहरूको अधिकार कायम गराउने ।

## ८. आउदो विधानसभा र कम्युनिस्ट पार्टी

माथि तोकिएका सर्तहरू पूरा नगरी स्वतन्त्र र जनमत जाहेर गर्ने विधानसभा खडा हुन सक्दैन । तसर्थ, विधान खडा गर्नुभन्दा पहिले मुलुकमा माथि तोकिएबमोजिमको काम हुनु नै पर्दछ भन्ने हाम्रो पार्टीको विचार छ । विधानसभापछि खडा हुने नया जनवादी सरकारले दलबमोजिमको कार्यक्रम पूरा गर्नु पर्दछ । यो कार्यक्रम मुलुकका सामन्तवाद साम्राज्यवादविरोधी गैह्र जनताको युगयुगको इच्छा र आकाङ्क्षालाई प्रतिनिधित्व गर्दछ भन्ने कुरामा नेपाल कम्युनिस्ट पार्टीलाई पूरा तवरले विश्वास छ ।

## ९. कम्युनिस्ट पार्टी र शासन व्यवस्था

मुलुकमा सर्वोच्च अधिकार जनताको हातमा हुनुपर्दछ। यसै अधिकारका आधारमा शासनव्यवस्था खडा हुनुपर्दछ। यस शासनव्यवस्थामा साम्राज्यवाद–सामन्तवादविरोधी गैह जनता मजदुर, किसान, मध्यम वर्ग र जातीय पुजीपति सामेल छन् । यसको रूप नया जनवादी हुन्छ। यसको शासन गर्ने तरिका जनताको जनवादी अधिनायकत्व हुन्छ। जनताका निम्ति जनवाद र साम्राज्यवाद र तिनका दलालहरूका निम्ति अधिनायकत्व यस सरकारको नीति हुन्छ। यस नीतिलाई निम्नलिखित सर्तहरूद्वारा व्यावहारिक गराइनेछ ।

१. जनताको सार्वभौमिकता अर्थात् देशको सबै शक्ति जनताको हातमा राख्ने । राज्यको सर्वोच्च अधिकार जनताले चुनेका प्रतिनिधिहरूको हातमा राख्ने । यी प्रतिनिधिहरूलाई निर्वाचकको बहुसङ्ख्याले चाहेमा बापस बोलाउन सक्ने । यिनै प्रतिनिधिहरूले जनताको एउटा विधान र ऐन बनाउने सभा खडा गर्ने ।

२. सभापति पनि यही सभाले रोज्ने । सभापतिको हातमा कुनै विशेष अधिकार रहन नदिने ।

३. १६ वर्ष पुगेका गैह्र पुरुष र महिलालाई सार्वजनिक समानता र प्रत्यक्ष भोटको अधिकार दिने । बालिग मताधिकारको आधारमा प्रत्यक्ष चुनाव।

४. गुप्त मतदानप्रणालीको चलन गराउने । राजनीतिक यी सरकारहरूलाई बालिग जनताले चुन्ने र यिनीहरूलाई स्थानीय समस्यासम्बन्धी धेरै अधिकार दिने । माथिबाट नियुक्त भएका हाकिम, बडाहाकिमको चलन हटाउने । हाकिम, बडाहाकिम र अरू अफिसरहरू स्थानीय जनताले नै चुन्ने।

५. स्थानीय र इलाकीय सरकारको व्यापक चलन गराउने । यी सरकारहरूलाई बालिग जनताले चुन्ने र यिनीहरूलाई स्थानीय समस्यासम्बन्धी धेरै अधिकार दिने । माथिबाट नियुक्त भएका हाकिम, बडाहाकिमको चलन हटाउने । हाकिम, बडाहाकिम र अरू अफिसरहरू स्थानीय जनताले नै चुन्ने।

६. जुनसुकै ठाउमा पनि घरवार गर्ने अलङ्घनीय अधिकार, व्यक्तिको शरीरको अलङ्घनीय पवित्रता, छलफल, भाषण, पे्रस सङ्घ, हड्ताल, धर्म, सङ्घ र समिति बनाउने पूर्ण अधिकार, जुनसुकै ठाउमा पनि आवतजावत गर्ने र पेसाको अधिकार दिने ।

७. धर्म, जात, योनी, वर्ण र जातीयताको भेदभाव नगरी सबैलाई बराबर नागरिक अधिकार दिने ।

८. सबै जातिहरूलाई आत्मनिर्णयको अधिकार दिने । नेपालमा बस्ने सबै जातिहरूको आपस्तको फाइदाका निम्ति कल, बल र छलले होइन सबैको मानोमान राजीखुसीले एउटा साझा राज्य जनवादी नेपालले खडा गर्ने ।

९. आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार दिने । सरकारी वा जनताको संस्थामा आआफ्नो भाषाको प्रयोग गर्न पाउने अधिकार दिने । नेपाली भाषा राज्यलाई मान्नैपर्दछ भन्ने कर नरहने ।

१०.	सबै व्यक्तिले कुनै पनि सरकारी अधिकारीको विरुद्ध जनताको न्यायालयमा मुद्दा चलाउन पाउने अधिकार रहनेछ ।

११.	जनताद्वारा निर्वाचित न्याय विभाग खडा गर्ने । न्यायाधीशहरूलाई पनि जनताले चुन्ने अधिकार दिने, सरकारद्वारा नियुक्त गरिने होइन ।

१२.	पुलिस व्यवस्थाको सट्टामा जनरक्ष फौज ९ाःष्तिष्ब० खडा गर्ने बालिगिरी र अरू दमनका निम्ति खडा गरिएको फौज खतम गर्ने र नेपालको रक्षाका निम्ति जनवादी पैदल र हवाई फौजको निर्माण गर्ने ।

१३.	देशको मुख्यमुख्य केन्द्रहरूमा जनस्वास्थ्य रक्षा समितिहरू खडा गरी हैजा, कालाज्वर, बिफर आदि महामारीलाई मार्ने ।

**१०. मुलुकको कृषि, किसान समस्या र कम्युनिस्ट पार्टी**

कृषि र किसान समस्या हाम्रो मुलुकको मुख्य सवाल हो । यस समस्यालाई हल नगरी हामी मुलुकको कुनै किसिमको विकास गराउन सक्दैनौ । मुलुकका बहु सङ्ख्यक किसानलाई सामन्तशाही–साम्राज्यशाहीको पञ्जाबाट मुक्त गर्नु नै मुलुकलाई अकाल भोकमरी र सांस्कृतिक अन्धकारबाट मुक्त गर्नु हो । यससम्बन्धमा हाम्रो पार्टीको नीतिः

१.	जग्गा जोत्नेहरूलाई पर्ती जग्गा, ठूला बिर्तावालको बिर्ता, राणा र ठूला जमिनदारको जिम्मावालको परिवारलाई नै उदरपूर्तिका निम्ति छाडी अरू जग्गा खोसी किसानलाई बाड्ने । यस भूमिसुधारलाई ऐन बनाई स्वीकृति दिने ।

२.	खेतालाहरूको ज्याला बढाउने अन्नका रूपमा वा पैसाको रूपमा ।

३.	जमिनदारी र जिम्मावाल प्रथा खत्तम गर्ने । तिरो पञ्चायतमार्फत उठाउने । भूमिसुधारमा जनताको सरकारलाई सहयोग दिने र देशभक्त जमिनदार र जिम्मावाललाई तिरो उठाउने व्यवस्थामा काम दिने ।

४.	जनताले चुनेका तमसुक जाच कमिसन खडा गर्ने, कमिसनले अन्यायपूर्ण ठह¥याएका तमाम तमसुक च्यात्ने र यस किसिमको अन्यायपूर्ण ऋणबाट किसानलाई मुक्त गर्ने ।

५.	कृषिको विकासका निम्ति सरकारबाट किसानहरूलाई सस्तो ब्याजमा ऋण दिने बन्दोबस्त गर्ने । तथा बिउ र खेती गर्ने सामान सस्तो दरमा सरकारका तर्फबाट दिने र बाध, पेन, कुलो पानीको बन्दोबस्त गर्ने । गाउका सानासाना कालीगढलाई सस्तो र लामो म्यादमा उनको उत्पादन र व्यापार चलाउनका निम्ति सरकारका तर्फबाट ऋण दिने ।

६.	कृषिको विकास र अन्नको उत्पादनका निम्ति मध्यम किसानलाई हरसम्भव मद्दत गर्ने र धनी किसानी आर्थिक व्यवस्थाको रक्षा गर्ने ।

७.	गैरकानुनी लुट र बेगार प्रथा खतम गर्ने ।

८.	सम्बन्धित गाउ इलाका वा जिल्लाका गैरकिसानको सहयोग र समर्थनका आधारमा बाधा प्रथा खत्तम गर्ने ।

९.	तिरो कम गर्ने ।

१०.	जिल्लाको आम्दानीको सयकडा ५० जिल्लाकै उन्नतिका निम्ति खर्च गर्ने ।

**११. उद्योग, व्यवसाय, मजदुर समस्या र कम्युनिस्ट पार्टी**

साम्राज्यवादीहरूको घेराबाट हाम्रो जातीय उद्योग व्यवसायलाई मुक्त पारी उनीहरूको विकास गराई नेपाललाई औद्योगीकरण गर्नुपर्नेमा त्रिभुवन-राणा-कोइरालाको सरकार हाम्रो जातीय उद्योग व्यवसायलाई झन् खाल्डोमा जाकिरहेका छन् । ड्र्युम्यानका चार बुदा प्रोग्राम र दिनहु बढ्दो हिन्दुस्तानका पुजीपतिहरूको हस्तक्षेपले हाम्रो जातीय उद्योग व्यवसायको भविष्यलाई अध्यारो पारिरहेको छ । मुलुकका कलकारखाना, निकासी-पैठारी व्यापारको एकाधिकार हिन्दुस्तानका पुजीपतिहरूले हत्याइसकेका छन् । तसर्थ, उद्योगव्यवसायलाई साम्राज्यवादी र हिन्दुस्तानका पुजीपतिहरूको हातबाट स्वतन्त्र पार्न र देशको औद्योगीकरण गराउनका निम्ति हाम्रो पार्टीका नीति-

१.	मुलुकको जातीय उद्योग उन्नतिका निम्ति हरसम्भव उपायले मद्दत गर्ने । यस उद्योगलाई चाहिने कच्चा माल पैदा गर्न र पैदा भएका मालको बिक्री र एक ठाउबाट अर्को ठाउमा ओसार्नमा यातायातको विकास गर्ने र मद्दत गर्ने ।

२.	मुलुकको उद्योग व्यवसाय जातीय पुजीपतिहरूमार्फत चलाउने ।

३.	निकासी पैठारीको व्यापार हिन्दुस्तानी पुजीपतिहरूको हातबाट खोसी जातीय व्यवसायी व्यापारीमार्फत चलाउने । विदेशी साम्राज्यवादी पुजीको भर नपर्ने । समाजवादी र जनवादी देशहरूको मद्दतले मुलुकलाई औद्योगीकरण गर्ने ।

४.	विदेशी र उसका देशीय दलाल पुजीपतिहरूको पुजी र कलकारखाना जफत गरी जातीयकरण गर्ने ।

५.	मुलुकको मुख्य उद्योग ९्भथ क्ष्लमगकतचष्भक० हरू सरकारले चलाउने । तर, मजदुर वर्गको अवस्था नास पारी उद्योग व्यवसायको विकास गराउन सकिदैन । तसर्थ-

१.	मजदुरको तलब, ज्याला र महगी भत्ता, आठ घण्टा काम बोनस र मजदुर युनियनसम्बन्धी हकहरूलाई कानुनद्वारा मञ्जुरी दिने र रक्षा गर्ने ।

२.	जातीयकरण भएका तथा सरकारी उद्योग सञ्चालन समितिहरूमा मजदुरहरूको सहयोग र प्रतिनिधित्व राख्ने ।

३.	सर्वसाधारण जनताको उपयोग वस्तुहरूको मूल्यमा कन्ट्रोल गर्ने ।

**१२. मुलुकका जातिहरू र कम्युनिस्ट पार्टी**

नेपालमा बस्ने गैह्र जातिहरू अधिकार र कर्तव्यमा बराबर मानिनेछन् । यी सबै जातिहरूले सारा मुलुकका बैरी साम्राज्यवाद र सामन्तवादलाई खत्तम गर्नमा तमाम जनताका साथ काधमा काध जोडी लड्नुपर्दछ । जातिहरूको आत्मनिर्णयको अधिकारलाई पार्टीले स्वीकार गर्दछ । तर, हाम्रो पार्टी सङ्कीर्णवादी जातीयताका विरुद्ध छ । एउटा जातिलाई अर्को जातिका विरुद्ध उचाली गैह्र जनताको समयुक्त विरोध कमजोर पार्ने साम्राज्यवादी तथा सामन्तवादीहरूको षड्यन्त्रलाई खत्तम गर्नमा हाम्रो पार्टीको दृढसङ्कल्प छ । जातिहरूको जीवनस्तर उठाउने, उनीहरूलाई सबै दिशामा उन्नति गर्नमा पूरा मद्दत दिने राजकाजमा सामेल हुने र आआफ्नो इलाकामा आफ्नै भाषामा शिक्षा प्राप्त गर्ने र अड्डा अदालतको काम गर्न दिई नेपाल कम्युनिस्ट पार्टी जातिहरूको संस्कृतिका रक्षा, विकास र अन्य हकहरूको निम्ति लड्दछ । विभिन्न जातिहरूका प्रति राणाशाहीको जुन घातक र सङ्कुचित नीति थियो सोही नीतिको बाटोमा यो म्यादी सरकार पनि लागिरहेको छ । नया जनवादी सरकार कायम भएमा मात्र जातिहरूले आर्थिक र राजनीतिक स्वतन्त्रता पाउनेछन् र भाषा-संस्कृति आदिको रक्षा गर्न सक्नेछन् ।

**१३. धर्म र कम्युनिस्ट पार्टी**

कम्युनिस्ट पार्टी धर्मलाई व्यक्तिगत विश्वासको वस्तु मान्दछ र जनताको धार्मिक भावनाको आदर गर्दछ । अतः कसैले धर्म मान्न वा नमान्नमा हस्तक्षेप गर्न पाउदैन । पार्टीले गैह्र धार्मिक स्वतन्त्रताको रक्षाको ग्यारेन्टी दिन्छ । तर, धर्मका नाउमा सामन्तवाद र साम्राज्यवादले गर्ने जनताको शोषणको विरुद्ध कम्युनिस्ट पार्टी लड्दछ ।

**१४. संस्कृति, शिक्षा र कम्युनिस्ट पार्टी**

मुलुकको आर्थिक शोषण गर्नाका साथसाथै जनताउपर सामन्त र साम्राज्यवादीहरूको अर्धसामन्ती र अर्धऔपनिवेशिक शिक्षा र संस्कृति लादेका छन् । यस किसिमको सांस्कृतिक गुलामी जनताउपर नलादी सामन्त र साम्राज्यशाही टिक्न सक्दैन । अतः कम्युनिस्ट पार्टी सांस्कृतिक मोर्चामा पनि साम्राज्यवाद र सामन्तवादको विरुद्ध मोर्चा लिन्छ । अर्धसामन्ती र अर्धऔपनिवेशिक शिक्षा र संस्कृतिको नास गरी त्यसको सट्टा नया जनवादी

संस्कृतिको विकास गर्नेछ र यस किसिमले जनताको सांस्कृतिक पछौटेपनलाई हटाई जनसंस्कृति र शिक्षाको स्तर उठाउनेछ । यस विषयमा हाम्रो पार्टीको नीति–

१. सामाज्यवाद र सामन्तवादविरोधी भावना प्रबल गराई स्वस्थ देशपे्रम र अन्तरजातीयताको विकास गराउने ।

२. देशका गैह्र जातिहरूको शिक्षा र संस्कृति बराबर रूपमा विकास गराउने ।

३. अन्तरजातीय क्षेत्रमा समाजवादी र जनवादी संस्कृतिसग सम्बन्ध स्थापित गराउने ।

४. जनताको विज्ञान, कला आदिको विकास गराउने । नया जनवादका निम्ति जनतामा उत्साह पैदा गराउने ।

५. निरक्षरता दूर गराउने र शिक्षापद्धतिलाई जनवादी बनाउने ।

### १५. मुलुकको वैदेशिक नीति र कम्युनिस्ट पार्टी

कुनै पनि प्रजातान्त्रिक राज्यको वैदेशिक नीति स्वतन्त्र हुन्छ । आफ्नो मुलुकको भलोका निम्ति कुनै पनि देशसग सांस्कृतिक, राजनीतिक तथा व्यापारिक सन्धिसम्झौता गर्न उसलाई पूरा स्वतन्त्रता रहन्छ । तर, यो म्यादी सरकार सोभियत रुस, जनवादी चीन तथा अरू जनवादी सरकारसग आफैले मित्रताको सम्बन्ध स्थापित गर्न त परै जाओस् उल्टो जनताले सोभियत रुस र जनवादी चीनका जनतासग नेपालका जनताले एकता र मित्रताका निम्ति गरेका प्रयत्नहरूमा पनि बाधा दिन्छ । अङ्गे्रज–अमेरिकाको साम्राज्यवादी र भारतीय पुजीपतिहरूको हुकमबमोजिम, देशका महिला, युवक, विद्यार्थी र शान्ति योद्धाहरूलाई बर्लिन विश्वयुवक विद्यार्थी र शान्तियोद्धाहरूलाई बर्लिन विश्वयुवक विद्यार्थी उत्सवमा जान पाएन । हाम्रो मुलुक विश्वको जनवादी 'क्याम्प' को सम्पर्कमा नआओस् भन्ने सरकारको नीति छ । हाम्रो मुलुकको अन्तरजातीय नीतिलाई साम्राज्यवादीहरूको सारा विश्वलाई गुलाम पार्ने, विश्वयुद्ध गराउने, अन्तरजातीय नीति यो सरकारले बनाइरहेको छ । तर, हाम्रो जनता स्पष्ट तवरले सोभियत रुसको नेतृत्वमाबलियो र विजयी हुदैगइरहेको साम्राज्यवाद विरोधी वाद र शान्तिको 'क्याम्प' मा छन् ।

हाम्रो वैदेशिक नीति निम्नलिखित सिद्धान्तका आधारमा छ–

ड्ड जातिहरूको स्वतन्त्रता, सार्वभौमिकता र भूमिको अक्षुणता ९त्भचचष्तयचष्ब िष्लतभनचष्तथ०

ड्ड सानाठूला सबै जातिहरूलाई बराबरी हक ।

ड्ड विश्वशान्ति र जनतन्त्रको रक्षा तथा शान्तिसुरक्षा र जनविरोधी तर जातीय साम्राज्यवादको विरोध ।

यसकारण यससम्बन्धी हाम्रो पार्टीको नीति–

१.	समाजवादी र जनवादी मित्र देशहरू सोभियत रुस-चीन र अरू जनवादी मुलुकहरूसित सम्बन्ध स्थापित गर्ने ।

२.	उपनिवेश र अद्र्धउपनिवेशमा चलिरहेको जातीय मुक्ति आन्दोलनलाई सक्रिय रूपले मद्दत गर्ने । विदेशी फौजमा रहेका नेपालीहरूको भर्ना बन्द गर्ने । विदेशी फौजमा रहेको नेपालीहरूलाई फिर्ता लिने ।

३.	स्वतन्त्रता, बराबरी र आपस्तको फाइदाका आधारमा हाम्रो मुलुकको स्वतन्त्रताको इज्जत गर्ने सबै देशहरूसग सम्बन्ध राख्ने ।

४.	हिन्दुस्तान र नेपालको आपस्तको आर्थिक फाइदाका निम्ति हिन्दुस्तानसग मित्रता र सम्बन्ध बढाउने र साम्राज्यवादको विरोधमा हिन्दुस्तानी जनताको साथ दिने । तर, हिन्दुस्तानी पुजीपतिहरूको हस्तक्षेपको घोर विरोध गर्ने ।

**१६. विश्वशान्ति, जनवाद र कम्युनिस्ट पार्टी**

विश्वशान्ति र जनवादका निम्ति लड्नु हाम्रो जातीय मुक्ति आन्दोलनको अन्तरजातीय कर्तव्य हो । यो मोर्चा कमजोर भएको खण्डमा हाम्रो आन्दोलनलाई ठूलो धक्का लाग्छ । यसकारण यस विषयमा पार्टीको नीति निम्नलिखित छ-

१.	विश्वशान्ति आन्दोलनमा सक्रिय भाग लिने र यस आन्दोलनमा नेपाल सरकारको पूरा समर्थन जनाउने । युद्ध प्रचारको विरोधमा कानुन पास गर्ने र युद्ध प्रचारकहरूलाई ऐनद्वारा दण्ड दिने ।

२.	विश्वशान्ति, जनवाद र देशविदेशको जातीय मुक्ति आन्दोलनसग हाम्रो सम्बन्ध राख्ने ।

३.	पाच ठूला राज्यहरूको बीचमा शान्तिसम्झौता गराउने ।

जुन उद्देश्यको निम्ति हाम्रो देशका गैह्र जनता सङ्घर्ष गरिरहेका छन् । त्यसको यो कार्यक्रम एउटा सफा तस्बिर हो भन्ने कुरामा हाम्रो पार्टीलाई पूरा विश्वास छ । आजको अवस्थामा गैह्र जनताको इच्छा र आकाङ्क्षालाई जाहेर गर्ने यसभन्दा राम्रो र वैज्ञानिक कार्यक्रम अरू हुन सक्दैन । यस कार्यक्रमको आधारमा मुलुकका गैह्र जनतालाई उनीहरूको जनवर्गीय सङ्गठनहरूमा सङ्गठित गरी तमाम जनतालाई देशव्यापी विशाल संयुक्त मोर्चामा भेला गरी साम्राज्यवादी सामन्तवादीहरूको किल्लामा जोडदार हमलामाथि हमला गरी मुलुकलाई सधैका निम्ति स्वतन्त्र पार्ने ऐतिहासिक कर्तव्य पूरा गर्नमा हाम्रो पार्टी ज्यूज्यानको परवाह नगरी लड्नेछ । मुलुकका गैह्र जनता मजदुर किसान बुद्धिजीवी, मध्यमवर्ग र जातीय पुजीपतिहरूसग जो मुलुकलाई स्वतन्त्र पारी विकास र उन्नतिपट्टि बढ्न चाहन्छन्, उनीहरू आआफ्नो जनवर्गीय सङ्गठन बलियो पारी देशमा जनताको इच्छाको पैदायसको रूपमा बनेको जनताको जातीय जनतान्त्रिक संयुक्त मोर्चालाई बलियो पार्नोस् भन्ने अपिल गर्दछौ । संयुक्त मोर्चा बलियो भएको खण्डमा

मात्र हामी आफ्नो दुस्मनलाई खतम गरी देशमा नया जनवाद कायम गर्न सक्नेछौ । अनि मात्र आजको शोषित र सांस्कृतिक अन्धकारको खाडलमा गाडिएको अर्धसामन्ती र अर्धऔपनिवेशिक नेपालको ठाउमा नया जनवादी नेपालको जन्म हुनेछ।

मार्क्स, एङ्गेल्स, लेनिन र स्टालिनको सिद्धान्तले लेस भएका सोभियत रुस, जनवादी चीन, उत्तर कोरिया, भियतनाम, पोल्यान्ड, चेकोस्लोभाकिया, हङ्गेरी, रुमानिया, बुल्गेरिया, अल्बानिया र पूर्वी जर्मनीको कम्युनिस्ट पार्टीहरूले विश्वको करिब आधा जनतालाई मुक्त पारिसकेको छ । हाम्रो पार्टी पनि यसै सिद्धान्तलाई नेपालको विशेष काम र परिस्थितिमा लागू गरी नेपालका जनतालाई मुक्त गर्न दत्तचित्तले लागेका छन् । नेपालको मजदुर वर्ग र उसको पार्टी कम्युनिस्ट पार्टीले किसान र अरू विभिन्न क्रान्तिकारी वर्गहरूको सक्रिय सहयोग प्राप्त गरी पार्टीको प्रथम ऐतिहासिक सम्मेलनले देशको सयकडा ९५ जनतालाई इच्छालाई प्रतिनिधित्व गर्ने बिउका रूपमा छरेको यस कार्यक्रमलाई त्याग बलिदान र अथक परिश्रम खपी मलजल गरी फलाईफुलाई कार्यरूपमा अवश्य परिणत गर्नेछ ।